नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०८०/०८१ चलानी नं. : ३०

मिति:- २०८०/०४/२९

**विषय : सोह्रौं पुस्तकालय दिवस, २०८० मनाउने सम्वन्धमा ।**

**श्री स्थानीय तह (सवै) ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८०/८१, च.नं. २, मिति २०८०।०४।२३ को पत्र यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई स्थानीय सहभागितामा पठन संस्कृतिको विकासमा सहयोग गर्न विविध कार्यक्रमको आयोजना गरी सोह्रौं पुस्तकालय दिवस, २०८० मनाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(द्रोणराज निरौला)
**शाखा अधिकृत**

<u>वोधार्थ</u>:
**श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,**
सिंहदरवार, काठमाण्डौं ।
**श्री सूचना तथा प्रविधि शाखा,**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- Website मा upload गरिदिनु हुन ।

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२००००० ४२००३२३

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः- २०८०/८१
चलानी नं.:- २

सिंहदरबार,
काठमाडौं, नेपाल ।

प्रिय सहकारीज्यू,

विषयः सोह्रौं पुस्तकालय दिवस, २०८० मनाउने सम्बन्धमा ।

पुस्तकालय प्रयोगमा रुचि जगाउने, अध्ययन संस्कृतिको विकास गर्ने र सूचना एवम् ज्ञानमा आधारित समाज निर्माणको लागि वातावरण सिर्जना गर्ने, विभिन्न शिक्षण सिकाइ सम्बद्ध क्रियाकलापमा पुस्तकालयको उपयोग गर्ने वानीको विकास गर्ने प्रमुख उद्देश्यले नेपालमा पुस्तकालय स्थापना गर्न लालमोहर जारी भएको ऐतिहासिक दिन (वि.सं. १८६९ भाद्र १५ गते) को संझनास्वरूप नेपालमा हरेक वर्ष वि.सं. २०६५ भाद्र १५ गतेदेखि पुस्तकालय दिवस मनाउन थालिएको हो।

यस मन्त्रालयको मिति २०८० श्रावण २२ गतेको निर्णयअनुसार सोह्रौं पुस्तकालय दिवस मनाउन केन्द्रमा मूल समारोह समितिको गठन गरिएको छ। यस अवसरमा मुलुकका सबै विश्वविद्यालय, प्रदेशका सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् मार्फत् ७७ ओटै शिक्षा विकास तथा समन्वय एकाइ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् ७५३ ओटै स्थानीय निकाय, गाउँपालिका महासंघ नेपाल, नेपाल नगरपालिका संघ एवम् पुस्तकालयको विकास र विस्तारमा संलग्न सबै गैरसरकारी संघ, संस्थाहरूमा अनलाइन/ भर्चुअल माध्यमबाट समेत विविध कार्यक्रम गरी मनाउने निर्णय भएको छ।

स्थानीय तहमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा पुस्तकालय दिवस समारोह समिति गठन गरी कार्यक्रम सञ्चालन गर्ने विगतको परम्परा समेत रहेको सन्दर्भमा आवश्यकताअनुसार स्थानीय सहभागितामा पठन संस्कृतिको विकासमा सहयोग गर्न विविध कार्यक्रमको आयोजना गर्न ताहाबाट सबै स्थानीय तहमा परिपत्र गरिदिनु हुन तथा मन्त्रालयको वेवसाइटमा समेत राखिदिनु हुन अनुरोध गर्दछु।

दिवसका लागि पुस्तौं पुस्ताका लागि पुस्तकालय आदर्श वाक्य तय भएको छ ।

श्री सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं।

(सुरेश अधिकारी)
सचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
मिति २०८०।४।२३
दर्ता नं.:- ४६६
दर्ता मिति:- ४।२४

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्यालय
दर्ता नं.:- २७५
दर्ता मिति:- ०८०।४।२६

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ९६५
दर्ता मिति: २०८०।४।२६